# आकाशवाणी समाचार- नेपाली

मितिः १८ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आफ्ना पूर्व सहकर्मी चन्द्रनाथ रथको घरमा गएर उनका परिवारका सदस्यहरूलाई भेटनु भयो र दोषीहरू विरुद्ध कडा कारबाही गरिने आश्वासन दिनु भएको छ।

२. महानगर कोलकाताको लालबजार पुलिस मुख्यालयले थप दशजना भीआईपी मानिसहरूको घरबाट सुरक्षा गार्डलाई हटाउने निर्णय लिएको छ।

३. एक ऐतिहासिक निर्णयमा शुभेन्दु अधिकारीको नेतृत्वमा रहेको पश्चिम बंगालको भाजपा सरकारले सरकारी नोकरीमा प्रवेशको लागि अधिकतम उमेर सीमा बढाएको छ।

४. भाजपा नेता दिलीप घोषले भन्नु भयो, "कोही पनि कानूनदेखि बाहिर छैन, मस्जिद मात्र होइन। पूजा शान्तिले भक्तिभावको साथमा हुनुपर्छ।

५. आम जनता विकास पार्टीका प्रमुख हुमायुँ कबीरले राज्य सरकारको बुलडोजर कारबाहीलाई समर्थन गर्दै भन्नु भएको छ, अवैध कब्जामाथि कड़ा कदम उठाउन आवश्यक छ।

**मुख्यमन्त्री शुभेन्दु अधिकारी**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आफ्ना पूर्व सहकर्मी चन्द्रनाथ रथको घरमा गएर उनका परिवारका सदस्यहरूलाई भेटनु भयो र दोषीहरू विरुद्ध कडा कारबाही गरिने आश्वासन दिनु भएको छ। परिवारका सदस्यहरूसँग अन्तरक्रिया गर्नु हुँदै मुख्यमन्त्रीले घटनाप्रति गहिरो समवेदना व्यक्त गर्नु भयो।

मुख्यमन्त्रीको प्रस्थानपछि आइतबार राति मिडियासँग कुरा गर्दै चन्द्रनाथ रथकी आमाले भन्नु भयो, यति उच्च पदमा रहँदा पनि मुख्यमन्त्रीले उनीहरूको घरमा आउनु उनीहरूको परिवारको लागि सौभाग्यको कुरा हो। उहाँले भन्नु भयो, मुख्यमन्त्रीले अपराधीहरूलाई कडा सजाय दिने आश्वासन दिनु भएको थियो।

आशा व्यक्त गर्दै, चन्द्रनाथकी आमाले मुख्यमन्त्रीले उनीहरूलाई न्याय पाउने कुरा सुनिश्चित गर्ने बताउनु भयो। साथै, पूर्व मुख्यमन्त्रीमाथि व्यंग्य गर्दै उहाँले टिप्पणी गर्नु भयो, सायद भवानीपुरमा भएको हार स्वीकार्य हुन सक्दैन र त्यसैले उनको छोराले आफ्नो ज्यान गुमाउनु परेको हुन सक्छ।

**भीआईपीहरूको सुरक्षा गार्ड हटाउने निर्णय**

महानगर कोलकाताबाट एउटा महत्वपूर्ण प्रशासनिक खबर बाहिरिएको छ जहाँ लालबजार पुलिस मुख्यालयले थप दशजना भीआईपी मानिसहरूको घरबाट सुरक्षा गार्डलाई हटाउने निर्णय लिएको छ। यो निर्णयपछि राजनीतिक जगतमा व्यापक खैलाबैला मचिएको छ।

***यस सूचीमा केही वरिष्ठ व्यक्तिहरूको नाम परेको छ जसमा कल्याण ब्यानर्जी, अरूप विश्वास, शोभन च्याटर्जी, राजीव कुमार, सञ्जय बसु,प्रशान्त किशोर, कुणाल घोष, मनोज मालवीय औ पीयूष पाण्डे सामेल छन्। अब यी सबैको घरमा पहिला जस्तै स्थानीय पुलिस गार्ड तैनाथ रहनेछ। प्रशासनिक सूत्र अनुसार यो फसेला वर्तमान पद तथा सुरक्षा***

***श्रेणीलाई मध्यनजर गर्दै लिइएको हो। अर्थात जुन मानिसहरूलाई पहिलाबाटै निर्धारित क्याटगरीको सुरक्षा प्राप्त भइरहेको छ, उनीहरूको लागि भिन्नै लोकल पुलिस गार्डको आवश्यकता पर्छ जस्तो छैन। विशेष गरी कल्याण ब्यानर्जी र राजीव कुमारलाई सांसद भएको नाताले तय सुरक्षा व्यवस्था प्राप्त भइरहनेछ। उल्लेखनीय छ,राजीव कुमारको नाम पहिला पनि धेरै चर्चामा आएको थियो जति बेला उनको समर्थनमा ममता ब्यानर्जी धरनामा बस्नु भएको थियो। अब तीनै राजीव कुमारको घरबाट सुरक्षालाई हटाउने फसेला झन् ठूलो चर्चाको विषय भएको छ।***

***राज्यमा सरकार परिवर्तन भएपछि भीआईपी सुरक्षा व्यवस्थाको समीक्षा लगातार भइरहेको छ। यसअघि अभिषेक ब्यानर्जीको सुरक्षामा पनि कटौती गरिसकिएको छ।***

**पश्चिम बंगालमा उमेर सीमा**

एक ऐतिहासिक निर्णयमा शुभेन्दु अधिकारीको नेतृत्वमा रहेको पश्चिम बंगालको भाजपा सरकारले सरकारी नोकरीमा प्रवेशको लागि अधिकतम उमेर सीमा बढाएको छ। ग्रुप ए पदहरूमा भर्नाको लागि अधिकतम उमेर सीमा अब ४१ वर्ष तोकिएको छ। ग्रुप बी पदहरूको लागि यो सीमा बढाएर ४४ वर्ष गरिएको छ। ग्रुप सी र ग्रुप डी पदहरूको लागि अधिकतम उमेर सीमा अब ४५ वर्ष छ। सरकारले स्पष्ट पारेको छ, जहाँ एक विशिष्ट अधिकतम उमेर सीमा पहिले नै लागू छ। उल्लेखनीय रूपमा लोक सेवा आयोगको दायरा बाहिर पर्ने भर्नाहरू - राज्य उप क्रमहरू, सरकारी कम्पनीहरू र स्थानीय स्वशासित निकायहरूका लागि सहित -को लागि अधिकतम उमेर सीमा पनि ४५ वर्ष हुनेछ। यो निर्णय आधिकारिक रूपमा ११ मई २०२६ मा लागू हुनेछ। अधिकारीहरूले यस निर्णयको उद्देश्य लाखौं नोकरी खोज्नेहरूलाई विशेष गरी वर्षौंदेखि रोकिएको भर्नाको अवधिमा आफ्नो योग्यता गुमाएकाहरूलाई नयाँ अवसर प्रदान गर्नु हो भनी बताएका छन्। सरकारले भर्ती प्रक्रियामा पारदर्शितालाई जोड दिएको छ र केन्द्र सरकारका योजनाहरूसँग राम्रो तालमेल मिलाउने वाचा गरेको छ। राज्यभरका धेरै शिक्षित युवाहरूका लागि, यो निर्णयलाई जीवनरेखाको रूपमा हेरिएको छ, जसले लामो समयदेखि प्रतिक्षा गरिएका अवसरहरूको ढोका खोल्दैछ।

**दिलीप घोष**

पश्चिम बङ्गालको खड़गपुरमा आयोजित माता पूजा उत्सवमा जड़ान गरिएको ठूलो ध्वनि बक्स तथा चर्को आवाजलाई लिएर उठिरहेका प्रश्नहरूमाथि भाजपा नेता दिलीप घोषले प्रतिक्रिया व्यक्त गर्नु भएको छ। पत्रकारहरूद्वारा सोधिएको प्रश्नको उत्तरमा उहाँले भन्नु भयो, "कोही पनि कानूनदेखि बाहिर छैन, मस्जिद मात्र होइन। म खड़गपुरका बासिन्दाहरूलाई पनि निवेदन गर्दछु कि यहाँ माता पूजाको नाममा धेरै होहल्ला हुन्छ, पूजा शान्तिले भक्तिभावको साथमा हुनुपर्छ। उहाँले भन्नु भयो, हामी पनि जान्छौं, पूजा गर्छौं, यस्तो वातावरण नहोस् जहाँ मानिसहरू डराइरहेको, बिमारी नदेखियोस्। सुन्दर एवं पवित्र वातावरणमा पूजा हुनुपर्छ। सरकारले पनि सहयोग गर्नेछ, त्यसैले कुनै पनि समुदाय अथवा धर्मका मानिसहरूले कानूनभित्रै रहेर व्यवस्था गरुन्, नत्र कानूनको हात धेरै लामो छ, कुनै पनि ठाउँमा पुग्नसक्छ। त्यसैले सरकारलाई कुनै पनि कड़ा फसेला लिनको लागि बाध्य नबनाइयोस्, चाहे त्यो आसनसोल होस् वा कोलकातामा वा कुनै पनि स्थानमा। कानूनदेखि बाहिर, कानूनदेखि माथि यदि कसैले काम गर्ने प्रयास गर्छ भने यो प्रयास नगरियोस्, हामी सुध्रिनुपर्छ।

**हुमायुँ कबीरको समर्थन**

आम जनता विकास पार्टीका प्रमुख हुमायुँ कबीरले राज्य सरकारको बुलडोजर कारबाहीलाई समर्थन गर्दै भन्नु भएको छ, अवैध कब्जामाथि कड़ा कदम उठाउन आवश्यक छ। उहाँले भन्नु भयो, अवैध कब्जाहरूलाई बुलडोजर चलाएर हटाइयोस्। उहाँको यस बयानलाई राज्य सरकारको कारबाहीमाथि उहाँको समर्थनको रूपमा हेरिँदैछ। अर्कोतिर उक्साउने बयानको सन्दर्भमा तृणमूल कङ्ग्रेसका नेता अभिषेक ब्यानर्जीविरूद्ध दर्ता एफआईआरमाथि प्रतिक्रिया व्यक्त गर्दै श्री कबीरले भन्नु भयो, यदि उनीविरूद्ध मामिला दर्ता भएको छ भने अवश्य पनि कुनै गलत काम वा धम्कीको मामिला होला। जाँच एजेन्सीले यसको वास्तविकता खोजेर सार्वजनिक गर्नेछ। उक्त बयानपछि राज्को राजनीतिमा फेरि एकपटक बयानबाजीको सिलसिला तीव्र भएको छ।

**बिमल गुरुङको दाबी**

गोर्खा जनमुक्ति मोर्चा सुप्रीमो बिमल गुरुङले दाबी गर्नु भएको छ, आगामी डेढ़ महिनाभित्रमा जीटीएलाई भङ्ग गरिनेछ। त्यसपछि एउटा जाँच आयोग गठन हुनेछ अनि आगामी 6 महिनाभित्रमा पहाड़को लागि नयाँ संवैधानिक व्यवस्था लागू गरिनेछ। दार्जीलिङको माल क्षेत्रमा गए शनिवार आयोजित एक जनसभामा गुरूङले सो बयान दिनु भएको थियो । उहाँको यस दाबीपछि पहाड़को राजनीतिमा खैलाबैला तीव्र भएको छ भने सर्वसाधारण जनताहरूबीच मिश्रित प्रतिक्रिया देख्न पाइँदैछ। श्री गुरुङको बयानलाई लिएर जीटीएका मुख्य जनसम्पर्क अधिकारी शक्तिप्रसाद शर्माले आइतवार कटाक्ष गर्दै भन्नु भयो, सपना देख्नु अपराध होइन, तर उनले आधारहीन कुरा गरेर माहोल तताउने प्रयास गरिरहेका छन्। विवाद त्यसबेला झन् बढ्यो जतिबेला इमल गुरूङले हालैमा आयोजित एक बैठकमा अनित थापा र विनय तामाङमाथि भ्रष्टाचारको आरोप लगाउँदै आपत्तिजनक टिप्पणी गर्नु भएको थियो। यस सिलसिलामा जीटीए प्रमुख अनित थापाले दार्जीलिङ सदर थानामा बिमल गुरूङविरूद्ध सिकायत दर्ता गराउनु भएको थियो जसको आधारमा पुलिसले जाँच शुरू गरिसकेको छ।
स्मरण गराइन्छ, विधानसभा चुनाउमा दार्जीलिङ विधानसभा आसनमा भाजपा समर्थित उम्मेद्वारको जीत भएपछि बिमल गुरूङ फेरि सक्रिय भएका छन् र अहिलेघरि आफ्नो सङ्गठनलाई मजबुत बनाउनमा जुट्नु भएको छ।

**घैयाबारीमा भाजपाको बिजय र्‍याली**

खरसाङ महकुमा अन्तर्गत घैयाबारीको बुथ नम्बर 257 भारतीय जनता पार्टीको आयोजनामा हिजो घैयाबारीमा बिजय र्‍यालीको आयोजनामा गरियो। हालैमा सम्पन्न भएको विधानसभा चुनाउमा भाजपा उम्मेदवार सोनाम लामालाई जिताएकोमा जनतालाई धन्यवाद ज्ञापन गर्न बिजय र्‍यालीको आयोजना गरिएको थियो। बिजय र्‍याली घैयाबारीको अप्पर गैरी गाउँस्थित अस्पताल मोडदेखि शुरु भएर राष्ट्रिय राजमार्ग 110 हुँदै डाँडा गाउँसम्म अनि त्यहाँबाट 14 माइलसम्म आयोजना गरियो। बिजय र्‍यालीमा भाजपाको नेतृत्व साथै पञ्चायत सदस्य महेश छेत्री र सुनिता गजमेर, बुथ कमिटीका सभापति महेश लामा, सचिव जलदीप छेत्री, नारी मोर्चा सचिव सपना राई, युवा मोर्चा सदस्य रबि छेत्री र देवमणि राई लगायत अन्य पदाधिकारीहरु उपस्थित रहेका थिए।

**युवा मोर्चा खरसाङ महकुमा समिति**

गोर्खा जनमुक्ति मोर्चाको भातृ संगठन गोर्खा युवा मोर्चा खरसाङ महकुमा समितिको सांगठनिक सभा हिजो खरसाङको एक स्थानीय होटलमा सम्पन्न भयो। उक्त सभाको अध्यक्षता युवा मोर्चा खरसाङ महकुमा समितिका सभापति सत्यवान छेत्रीले गर्नु भएको थियो। सभामा खरसाङ महकुमा अन्तर्गत आठवटा समष्टिका युवा मोर्चा प्रतिनिधिहरुको उपस्थिति थियो। सभापछि पत्रकारहरुलाई सम्बोधन गर्दै सभापति सत्यवान छेत्रीले सभामा युवा मोर्चाको सांगठनिक गतिविधि र आगामी रणनीति विषयमा चर्चा परिचर्चा गरिएको बताउनु भयो। उहाँले पार्टी अध्यक्ष बिमल गुरुङमाथि भइरहेको विभिन्न टिप्पणीहरु विषयमा प्रतिउत्तर दिनु पनि सभाको आयोजना गरिएको बताउनु भएको छ।
उहाँले प्रत्येक समष्टिमा युवा मोर्चाको कमिटी गठन भइरहेको बताउनु भयो। उहाँले भन्नु भयो, यसपाली डबल इञ्जिनको सरकार गठन भएको छ। यस सरकारमाथि धेरै आशा छ।

**भागोप्रमो महानदी तीनधारे समष्टिको सभा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा महानदी तीनधारे समष्टिको चुनाउपछि पहिलो सांगठनिक एवं धन्यवाद सभा सम्पन्न भएको छ। उक्त सभाको अध्यक्षता हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन खरसाङ महकुमा समितिका सभापति सागर गुरुङले गर्नु भएको थियो

****** ० ******